फलेवास नगरपालिकाको

प्रथम नगर सभामा उपप्रमुख मञ्जु अधिकारीद्वारा प्रस्तुत

आर्थिक वर्ष २०७४/७५ को

# प्रस्तावित वजेट तथा कार्यक्रम

फलेवास नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

फलेवास, पर्वत

प्रदेश नम्बर- ४, नेपाल

२०७४/३/३१

**सभाध्यक्ष महोदय,**

1. सर्वप्रथम म यस गरिमामय सभामा सदियौं देखि संघीय लोकतान्त्रीक गणतन्त्र स्थापना सम्मको अवधिमा आफ्नो जीवनको वलिदान गर्नुहुने संपूर्ण ज्ञात अज्ञात शहिदहरुलाई स्मरण गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । नेपाली आमाका थुप्रै सपुतहरुको संघर्ष र बलिदानबाट २००७ साल देखि आफ्ना प्रतिनिधीहरुबाट बनाएको विधानबाट शासन गर्ने उत्कट चाहना हाल आएर वर्तमान संविधान निर्माण पश्चात पुरा भएको छ ।
2. लोकतन्त्रको पुनर्वहाली पश्चात नयाँ संविधान निर्माण गरी स्थानीय तहको निर्वाचन संपन्न तथा जनप्रतिनिधिको वहाली भई कार्यसंचालनको शुरुवात भै सकेको छ । केन्द्रमा निहीत अधिकारलाई गाँउ शहरमा संविधानद्वारा नै अभ्यासको ग्यारेन्टी गरेको अवस्था छ । जनताले आफ्नो सवैभन्दा नजिकको सरकारवाट सेवा प्राप्त गर्ने कार्यको शुरुवात भएको वर्तमानमा स्थानीय सरकार प्रति आम नागरिकको अपनत्व, स्वामित्व तथा ममत्वको भाव स्पष्ट देख्न सकिन्छ । यस अवसरमा स्थानीय तहको निर्वाचनमा उत्साहपूर्ण सहभागिता जनाउनु भएका आम मतदाता र निर्वाचनलाई सफल वनाउन भूमिका खेल्नु हुने सवै प्रति हार्दिक आभार व्यक्त गर्दछू । यस फलेवास नगरपालिकाको समग्र विकास र समृद्धीको लागि पहिलो वजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाँउदा मलाई खुसी लागेको छ ।
3. दीगो, पहुँचयोग्य, समन्यायिक तथा समावेशी विकास मार्फत लोकतान्त्रीक समाजवाद उन्मुख सभ्य र सुसंस्कृत समाजको निर्माण गर्ने वजेटको सोच रहेको छ ।
4. जनताको खुसी र मुस्कानका लागि भौतिक, मानवीय, सामाजिक तथा सांस्कृतिक रुपमा सभ्य, संवृद्ध एवं अनुकरणयोग्य फलेवास नगरको सिर्जना गर्ने वजेटको लक्ष्य रहेको छ ।
5. सामाजिक न्याय सहितको संवृद्धी आर्जन, उपलब्ध साधन स्रोत र अवसरको न्यायोचित वितरण, दीगो विकासमा आधारित पूर्वाधार निर्माण, आम नागरिकको स्वामित्व र अपनत्व सिर्जना हुने गरी समग्र विकास कार्य संचालन गर्ने दिशामा यस वजेट केन्द्रीत रहेको छ ।

**सभाध्यक्ष महोदय,**

6. नेपालको संविधानमा निर्दिष्ट मौलिक हक तथा नागरिक कर्तव्य, राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु, संविधानले प्रत्याभूत गरेको स्थानीय सरकारको अधिकार क्षेत्र, नेपालले अन्तराष्ट्रिय जगतमा गरेका अभिसन्धी र प्रतिवद्धताहरु, दीगो विकास लक्ष्य सन २०३०, चौधौ योजनाले तोकेका प्राथमिकताहरु, नेपाल सरकारको आ.व. २०७४/७५ को वजेट वक्तव्य, नेपाल सरकारले प्रकाशन गरेको वजेट तर्जुमा दिग्दर्शन लगायत स्थानीय जनताको माग, चाहना तथा आवश्यकता, स्थानीय सरकारमा भएको स्रोत साधनको उपलब्धता तथा यस नगरपालिकाको २०७४/७५ को पारित नीति तथा कार्यक्रमलाई प्रमुख आधार मानी यो वजेट निर्माण गरेको छु ।
7. यस नवगठीत फलेवास नगरको विकासमा विविध चुनौतिहरु रहेको पाइन्छ । फलेवास नगरपालिकाका विद्यमान प्रमुख चुनैतिहरु यस प्रकार प्रस्तुत गरेको छु ।
    - कठीन भौगोलिक अवस्था र छरिएको वस्ती
    - उत्पादनशील जनशक्तिको पलायन
    - भौतिक पूर्वाधारको न्यूनता
    - वजेट कार्यान्वय क्षमतामा वृद्धि तथा सार्वजनिक निर्माण कार्यमा गुणस्तरीयता प्रवर्द्धन
    - समग्र शासकीय प्रकृयामा सुशासन कायम गरी नागरिक सन्तुष्टि प्रदान

यस नगरपालिकामा यि विविध चुनैतिहरु रहेता पनि प्राकृतिक स्रोत साधनको प्रयाप्तता, विकास प्रति नागरिकहरुको सकरात्मक धारणा, योजनावद्ध रुपमा नगरको सर्वाङ्गीण विकास, भौगोलिक एवं जैविक विविधताको अनुपम संगम,

रेमिटयान्स पर्याप्त रुपमा भित्रिने अवस्था, वैदेशिक रोजगारवाट फर्केका नागरिकको नविनतम ज्ञान, सीप, प्रविधि तथा प्रवृत्ति जस्ता संभावनाहरु रहेका छन् । यस परिप्रेक्षमा उल्लेखित अवसरहरुको उपयोग गरी चुनैतिहरुको सामना गर्न यो वजेट केन्द्रीत गरेको छु ।

8. समग्र चुनौतिहरुको निराकरणका लागि वजेटले निम्न उद्देश्यहरु राखेको छ :
   - समावेशी, समन्यायिक, फराकिलो र दीगो विकासको योजनावद्ध कार्यान्वयन
   - लुप्त अवस्थामा रहेका प्राकृतिक स्रोत साधनको पहिचान, विकास र उपयोग
   - प्राप्त रेमिट्यान्सको उत्पादनशील कार्यमा उपयोग
   - भौतिक पूर्वाधारयुक्त फलेवास नगरको निर्माण
   - चुस्त, दुरुस्त तथा मितव्ययी सेवा प्रवाह गरी समग्र शासकीय प्रकृयामा सुशासन कायम
9. उपयुक्त उद्देश्यहरु कार्यान्वयनका लागि वजेटका निम्न प्राथमिकताहरु निर्धारण गरेको छु :
   - शिक्षा, स्वास्थ्य तथा समग्र सामाजिक क्षेत्रको पूर्वाधार विकास,
   - सडक, खानेपानी, सिंचाई जलविद्युत जस्ता प्रमुख पूर्वाधार क्षेत्रको विकास,
   - कृषि क्षेत्रको आधुनिकीकरण, विविधिकरण, यान्त्रिकिकरण र व्यावसायिकरण,
   - नागरिकका आधारभूत आवश्यकताको परिपूर्ति,
   - समग्र स्थानीय सरकारको शासन व्यवस्थापनमा सुशासनको प्रत्याभूती,
   - पर्यटन पूर्वाधारको निर्माण र प्रवर्द्धन, तथा प्राकृतिक स्रोतसाधनको महत्तम तथा दिगो उपयोग
   - वजेट कार्यान्यन क्षमता अभिवृद्धी

**सभाध्यक्ष महोदय,**

10. अव म यीनै चुनैति, उद्धेश्य तथा प्राथमिकताको आधारमा रहेर ***"कृषि, पर्यटन, पूर्वाधार र रोजगार : सुन्दर फलेवास संबृद्धीको आधार"*** *भन्ने नारालाई साकार पार्न* यस फलेवास नगरपालिकाको आगामी आर्थिक वर्ष २०७४/०७५ को वजेट तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

**भौतिक पूर्वाधार विकास**

11. यस वर्ष वडाध्यक्ष तथा सदस्यहरुले आफ्नो वडामा मेरो योजना पऱ्यो की परेन भनेर खोज्नु भयो भने पाउन कठीन हुनेछ तर नगरको वृहत्तर विकासका लागि कहाँ के गरियो भनेर खोज्नु भयो भने पर्याप्त योजना तथा कार्यक्रमहरु पाउन सक्नु हुन्छ । फलेवास नगरकेन्द्रलाई वाग्लुङ तथा स्याङ्गजा हुँदै प्रदेश नं. ४ को प्रमुख शहर पोखरासंग जोडनका लागि देविस्थान ,शंकरपोखरी कार्कीनेटा दुई लेनको सडक निर्माण तथा स्तरोन्नती गरिनेछ । यसका लागि रु ९० लाख विनियोजन गरेको छु ।
12. त्यसै गरी थापाठाना, भंगारा, लिमीठाना, वयरडाँडा, पिप्ले दुई लेनको सडक निर्माण तथा स्तरोन्नतीका लागि रु ९० लाख वजेट विनियोजन गरेको छु । यसवाट नगरका दुर्गम गाँउहरुको नगर केन्द्र संग सहज, सरल र गुणस्तरीय पहुँच वृद्धि हुनेछ ।
13. नगरको केन्द्र र ११ वटै वडा र वस्तीलाई जोडने चक्रपथ निर्माण कार्यलाई प्राथमिकता दिदै अन्य शाखा सडकहरु निर्माणका लागि १ करोड २० लाख विनियोजन गरेको छु ।
14. नगरका सवै वस्तीहरुमा गुणस्तरीय तथा मितव्ययी रुपमा सडक निर्माण गर्न तथा विग्रिएका सडकहरुको तत्काल मर्मतका लागि नगरपालिकाले एउटा डोजर तथा अन्य आवश्यक सामग्री खरिद गर्नेछ । यसवाट सडक तथा अन्य भौतिक संरचना निर्माणमा ठूलो वजेटको आवश्यकता पर्ने छैन । यसका लागि १ करोड रुपैंया विनियोजन गरेको छु ।

**सामाजिक विकास**

**शिक्षा**

15. शिक्षा क्षेत्रको पूर्वाधार विकास, पर्वत वहुमुखी क्याम्पस, अन्नपूर्ण क्याम्पस तथा शंकरपोखरी क्याम्पसको भौतिक सुधारका लागि कार्यक्रम संचालन गरिने छ । लिमिठाना मा.वि मा कक्षा ११ संचालन गर्न सहयोग पुग्ने  गरी रकमको व्यवस्था गरिएको छ । यसका लागि रु २१ लाख विनियोजन गरेको छु ।

16. पूर्ण साक्षर नगर घोषणा गर्न र निरन्तर शिक्षाका कार्यक्रम संचालन गर्नका लागि रु ५ लाख विनियोजन गरेको छु ।

17. शिक्षामा गुणस्तरीयता प्रवर्द्धन गर्न, नगर क्षेत्रका वालवालिकालाई आफ्नै गाँउमा पढ्ने वातावरण सिर्जना गरी अभिभावकको चाहना अनुरुप कक्षा १ देखि नै अंग्रेजी माध्यमवाट पठन पाठनको व्यवस्था गरिने छ । यसका लागि कक्षा कोठा व्यवस्थापन र शिक्षक तालिमको लागि रु २८ लाख विनियोजन गरेको छु । यस कार्यले वालवच्चाको राम्रो पठनपाठनकालागि शहर जाने अभिभावक रोकिने छ र नगरवासीको अनावश्यक रुपमा हुने शैक्षिक खर्च रोकिने छ ।

18. प्राविधिक शिक्षाको विकास र विस्तार गरिने छ । नयाँ प्राविधिक शिक्षालय, भवानी विद्यापीठमा संचालित विज्ञान विषयको अध्ययन अध्यापन कार्यलाई सवलिकरण गरिनेछ । नगर क्षेत्र भित्र संचालनमा रहेका माध्यमिक विद्यालयहरुमा प्रविधि तथा अन्य सामाग्री हस्तान्तरण गरिने छ । माटेदेवल माध्यमिक विद्यालयमा कृषि विषय अध्ययन गर्न प्रतिवर्ष ५ जना विद्यार्थीलाई छात्रवृत्तीको व्यवस्था गरेको छु । नगर क्षेत्रमा योग शिक्षा, आध्यात्मिक ध्यान केन्द्रलाई पनि नियमित शिक्षा जोड्दै लगिने छ ।

19. .विद्यालय क्षेत्र सुधार कार्यक्रम अन्तरगतका कार्यक्रमहरुलाई निरन्तरता दिएको छु ।

20. नगर क्षेत्र भित्रको शिक्षाको विकास, विस्तार गरी शिक्षामा समता, समानता, पहुँच र गुणस्तरको प्रवर्द्धन गर्न जम्मा रु.१५ करोड ६१ लाख ४५ हजार वजेट विनियोजन गरेको छु ।

**स्वास्थ्य**

21. सवै नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच स्थापनाका लागि नगर स्वास्थ्य क्लिनिक स्थापना, स्वास्थ्य शिविर संचालन, ५ स्थानमा वर्थिङ सेन्टर व्यवस्थापन, नगर स्वास्थ्य क्लिनिक व्यवस्थापन तथा आकस्मिक सेवाका कार्यक्रम संचालन गरिने छ । नगरलाई पूर्ण खोप सुनिश्चित घोषणा गरिनेछ ।

22. महिला स्वास्थ्य स्वयं सेविकालाई प्रोत्साहन भत्ताको व्यवस्था गरिने छ । आर्युवेदिक स्वास्थ्य प्रवर्द्धन तथा जडिवुटी पहिचान र व्यवस्थापन कार्यक्रम संचालन गरिने छ ।

23. स्वास्थ्य चौकीहरुको व्यवस्थापन सुधारका कार्यक्रम संचालन गरिने छ ।

24. समग्र स्वास्थ्य क्षेत्रको विकासका लागि रु ३ करोड ८२ लाख ९२ हजार विनियोजन गरेको छु ।

**खेलकुद तथा मनोरञ्जन**

25. आगामी आ.व. मा नगरस्तरीय  भलीवल प्रतियोगिता संचालन गरिने छ । नगर क्षेत्रमा खेलकुद मैदानको निर्माण तथा भै रहेका खेलकुद मैदानको स्तरोन्नति गरिनेछ ।

26. खेलाडीहरुको क्षमता विकास तालिम संचालन गरिनेछ । नगर क्षेत्रमा सक्रिय युवा क्लव तथा विद्यालयहरुमा खेलकुद सामाग्री व्यवस्थापनमा सहयोग गरिने छ ।

27. खेलकुद तथा मनोरञ्जनका लागि रु.२३ लाख विनियोजन गरेको छु ।

**संस्कृति प्रवर्द्धन**

28. ऐतिहासिक कोत, मन्दिरको संरक्षणका कार्यक्रम संचालन गरिने छ ।

29. जनजातीहरुको भाषा संरक्षण तथा लोक संस्कृतिको संवर्द्धनका कार्यक्रम संचालन गरिने छ । यसका अलवा तिज गित, लोक गित, सालैजो, रत्यौली, रोधी, भजन, किर्तन, लाखे नाच, देविलिला, स्थानीय वाजा, आदिको संरक्षण र संवर्द्धन, राष्ट्रिय दिवश तथा पर्वको व्यवस्थापनकालागि रु १० लाख छुट्टाएको छु ।

30. आगामी आर्थिक वर्षमा क्रमस पूर्ण सरसफाइ वडा घोषणा गर्दै लगिने छ । साना खानेपानी आयोजना संचालन तथा खानेपानीको लागि सामग्री व्यवस्थापन र सरसफाइका लागि ४२ लाख रुपैया विनियोजन गरेको छु ।

**लैङ्गीक समानता तथा सामाजिक समावेशिकरण**

31. महिला शसक्तिकरण, क्षमता तथा नेतृत्व विकासका लागि ८ लाख ५० हजार रुपैया विनियोजन गरेको छु । अल्पसंख्यक, भुमीहीन, विपन्न ,दलित तथा जनजातीको उत्थान, विकास, संरक्षण र सशक्तिकरणका लागि रु १७ लाख छुट्टाएको छु ।

32. जेष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिको सहजिकरण र सामाजिकीकरणका लागि रु ४ लाख विनियोजन गरेको छु ।

33. नागरिक समाज, गैरसरकारी संस्था,  सामुदायिक संस्था र गैरसरकारी संस्था महासंघ मार्फत मानव अधिकारको संरक्षण, दीगो विकासका कार्यक्रम संचालनकोलागि क्षमता अभिवृद्धी कार्यक्रम संचालन गर्न रु. १ लाख ५० हजार विनियोजन गरेको छु ।

34. जनचेतनाको अभिवृद्धी गर्न संचार माध्यमहरुको सवलिकरण गर्न रु ४ लाख छुट्टाएको छु ।

35. लैङ्गीक समानता तथा सामाजिक समावेशिकरणको समग्र विकासका लागि रु ३५ लाख व्यवस्था गरेको छु

**आर्थिक विकास**

**कृषि**

36. नगर क्षेत्र भित्र भौगोलिक विशेषता अनुसार कृषि पकेट क्षेत्रहरु : सुन्तला, कफी, लप्सी, अदुवा, वेमौसमी तरकारी, खाद्यवाली, वीउ उत्पादन गर्न रु २९ लाख विनियोजन गरेको छु । त्यसैगरी कृषिको व्यवसायिकरणका लागि लागत साझेदारी मा आधारित कार्यक्रम संचालन गर्न रु २४ लाख विनियोजन गरेको छु ।

37. वडा नं.१० कुर्घामा संकलन तथा भण्डारण भवन निर्माणका लागि रु १५ लाख छुट्टाएको छु ।

38. कृषिमा यन्त्रीकरण, युवा स्वरोजगार तथा साना सिंचाई कार्यक्रमका लागि रु ३७ लाख विनियोजन गरेको छु ।

39. एक गाँउ एक कृषि प्राविधिक कार्यक्रमलाई निरन्तरता दिएको छु ।

40. यसैगरी समग्र कृषि क्षेत्रको विकासका लागि रु १ करोड १७ लाख ८० हजार विनियोजन गरेको छु ।

**पशु विकास**

41. एक गाँउ एक प्राविधिक कार्यक्रमलाई निरन्तरता दिन रु १४ लाख ७९ हजार विनियोजन गरेको छु ।

42. परजीवि नियन्त्रण, डालैघास विस्तार,नगरस्तरीय पशु व्यवस्थापन तालिम तथा नश्ल सुधार र प्रविधि विस्तारका लागि रु १३ लाख छुट्टाएको छु ।

43. स्थानीय जातका वाखा, कुखुरा, भैसी गाई पालन कार्यक्रम तथा युवा लक्षित मागमा आधारित पशुविकास कार्यक्रमका लागि रु ४९ लाख विनियोजन गरेको छु ।

44. पशु विकास तर्फ कूल ७४ लाख ८९ हजार रकम छुट्टाएको छु ।

**उद्योग तथा वाणिज्य**

45. स्थानीय स्रोतमा आधारित लघु तथा घरेलु उद्योग स्थापना गरिनेछ । एक गाँउ एक पार्लर, प्लम्विङ, ड्राइभिङ, सिकर्मी, इलेक्टोनिककोलागि सीप विकास तथा व्यवशाय प्रवर्द्धन कार्यक्रम र व्यवसाय सिर्जना तालिम संचालन गरिने छ । यसका लागि रु २० लाख विनियोजन गरेको छु ।

**सहकारी विकास**

46. सहकारीतामा आधारित कृषि उपज संकलन केन्द, सहकारी भवन, वजार व्यवस्थापन गरिने छ । सहकारीहरुको संजालीकरण तथा आयआर्जन र क्षमता विकास कार्यक्रम साझेदारीमा सञ्चालनका लागि रु २६ लाख विनियोजन गरेको छु ।

**पर्यटन विकास**

47. अन्धाअन्धी, चिसापानी क्षेत्र ऐतिहाँसिक मठ मन्दिर , कोतहरु तथा आश्रमहरुको संरक्षण र विकास गरी पर्यटन प्रवर्द्धन गरिनेछ। डहरेलाई खुला चिडियाखानाको लागि संभाव्यता अध्ययन, भ्यू टावर निर्माण गरिनेछ । खुममा होम स्टे स्थापना गरिने छ । ऱ्याफटिङ तथा अन्य पर्यटकीय क्षेत्रको संभाव्यता अध्ययन र प्रचार प्रसारका लागि रु २४ लाख  छुट्टाएको छु ।

**वन तथा वातावरण**

48. फलेवास नगरपालिका केन्द्र र वरपरका वडाका समतल क्षेत्रमा एक घर पाँच आँप कार्यक्रम संचालन गरी आँप वगैचाको रुपमा यस क्षेत्रको पहिचान निर्माण गर्ने कार्यको शुरुवात गरिने छ । अन्य वडाहरुका भिराला जमिनहरुमा फलफुल तथा डाले घाँसका नर्सरी स्थापना गरी हरियाली प्रवर्द्धन गरिने छ । यस कार्यक्रमका लागि रु ७ लाख विनियोजन गरेको छु ।

49. एक वडा एक पोखरी : एक वडा एक वरपिपल चौतारी निर्माण गरिने छ । खाली जमिनमा वृक्षारोपण ( खयर, रुद्राक्ष, मोरिङ्गा, .....) गरिने छ । यसका लागि आवश्यक रकम विनियोजन गरेको छु । सामुदायिक वन संरक्षण र व्यवस्थापन तथा वातावरण सुधार कार्यक्रम सामुदायिक वन उपभोक्ता समुह र महासंघसंगको समन्वयमा संचालन हुने छ ।

50. मानवजन्य तथा प्राकृतिक विपत्तीको वेला तुरुन्तै उद्दार र राहतका लागि नगरपलिकामा एक विपत व्यवस्थापन उद्धार कोष स्थापना गरिने छ । साथै विपद् व्यवस्थापनका लागि विपद् व्यवस्थापन सामग्रीहरुको व्यवस्थापन गरिने छ । यसका लागि रु ४५ लाखको व्यवस्था गरेको छु ।

51. नगरपालिकाको कुनै उपयुक्त स्थानमा मनमोहन शान्तीवाटिका निर्माणका लागि रु २ लाख विनियोजन गरेको छु ।

**सामाजिक संघसंस्था मार्फत संचालन हुने कार्यक्रम**

52. फलेवास नगरपालिकामा गैरसरकारी संस्था मार्फत गुणस्तरीय शिक्षा अन्तर्गत स्मार्ट कलास व्यवस्थापन, सुरक्षित विद्यालय कार्यक्रम, विज्ञान प्रयोगशाला, कम्प्युटर ल्याव, पुस्तकालय व्यवस्थापन, विद्यार्थीलाई स्टेस्नरी, पोसाक वितरण कार्यक्रममा हुने खर्च र श्रोत अनुसूचिमा राखेको छु ।

53. गैरसरकारी संस्था तथा सहकारी संस्था मार्फत आयआर्जन तर्फ प्लास्टिक टनेलमा गोलभेंडा खेती, साना सिंचाई, सहकारी भवन, वाखापालन, कम्पोष्टमल, कफि व्यवस्थापन, अदुवा तथा वेसार र अन्य नगदेवाली प्रवर्द्धन कार्यक्रमकालागि गैससहरु मार्फत पेश भएको वजेट प्रस्ताव गरेको छु ।

54. फलेवास नगरपालिकालाई कार्यक्षेत्र वनाएर कार्यक्रम संचालन गर्ने गैरसरकारी संस्था, निजी संस्था, सहकारी तथा विकास साझेदारहरुसंग नगरपालिकाको स्विकृत नीति तथा कार्यक्रमको आधारमा सहकार्य र साझेदारीमा कार्यक्रम संचालन गर्ने गरी आवश्यक वजेट विनियोजन गरेको छु ।

**राजस्व**

55. नगरपालिकालाई क्रमशः आत्मनिर्भर वनाउन करको दायरालाई फराकिलो गरिएको छ ।
56. कर प्रणालीलाई व्यवस्थित वनाउन टोल टोलमा करदाता शिक्षा कार्यक्रम संचालन गरिने छ ।
57. राजस्व चुहावट नियन्त्रणका लागि राजस्वलाई वैंकिङ प्रणालीमा आवद्ध गरिने छ ।
58. नगरपालिकाको राजस्वका विभिन्न शिर्षकहरुवाट१ करोड ३० लाख उठने अनुमान गरेको छु ।

**सभाध्यक्ष महोदय**

59. प्रस्तुत गरिएका कार्यक्रमहरु कार्यान्वयन गर्न निम्नानुसारको वित्तीय व्यवस्था गरेको छु ।

(क) **आय तर्फ**

- नगरपालिकाको आन्तरिक आम्दानी : रु १ करोड ३० लाख
- चालु आर्थिक वर्षको मौज्दाद : ७६ लाख
- स्थानीय जनश्रमदान : ५० लाख
- अन्तर सरकारी वित्तीय हस्तान्तरण अन्तरगत
  - ❖ **संघीय सरकारवाट प्राप्त**
    - ▪ समानीकरण अनुदान : १६ करोड ५० लाख ५४ हजार
    - ▪ सशर्त अनुदान : १८ करोड ४१ लाख ९६ हजार
  - ❖ जिल्ला समन्वय समितिवाट प्राप्त :१० लाख

प्रस्तुत अनुसारको कूल आय रु ३७ करोड ५८ लाख ५० हजार

(ख) **व्यय तर्फ**

- चालु एवं साधारण खर्च : २२ करोड ४० लाख ५७ हजार
- पूंजीगत एवं विकास वजेट : १५ करोड १७ लाख ९३ हजार

(ग) **क्षेत्रगत वजेट विनियोजन**

- आर्थिक विकास तर्फको वजेट : रु. २ करोड ६७ लाख ५९ हजार
- सामाजिक विकास तर्फ वजेट : रु. २० करोड ५४ लाख ३७ हजार
- पूर्वाधार विकास तर्फ वजेट : रु. ८ करोड ४ लाख ४७ हजार
- वातावरण तथा विपत व्यवस्थापन तर्फ वजेट : रु.६० लाख
- संस्थागत विकास तर्फ वजेट : रु. १ करोड २० लाख
- सामान्य सेवा संचालन तर्फ वजेट : रु.४ करोड ५२ लाख ७ हजार

**सभाध्यक्ष महोदय,**

यो प्रस्तावित वजेटको सफल कार्यान्वयन भएमा नगरपालिकाको केन्द्र सम्म सवै वडा सेवा केन्द्र आउने सडकको सहजता हुनेछ । वाग्लुङ्गको दक्षिण क्षेत्रका नागरिकहरु देविस्थान, शंकरपोखरी, कार्किनेटा हुंदै पोखरा जाने सहज यातायातको सुविधा पुगेको हुनेछ । फलेवास नगरपालिकालाई ल्याण्ड लिंक (Land linked) सिटीको रुपमा विकास गर्दै लगिने छ । गुणस्तरीय शिक्षामा सवै नागरिकको सहज पहुँच अभिवृद्धि भएको हुने छ । वन, पर्यटन, उद्योग, जलविद्युत, व्यवसायीक कृषि तथा पशुपालनको माध्यमद्धारा नगर क्षेत्रमा स्वरोजगार र रोजगार सृजनागरी युवाहरु विदेशिने प्रवृति निरुत्साहित भएको हुनेछ ।

**अन्तमा**

फलेवास नगरपालिकाको सिमित श्रोत र साधनले एकै वर्ष नागरिकका असीमित चाहाना र आवश्यकता पुरा गर्न सम्भव छैन र हुन पनि सक्दैन । फलेवास नगरपालिकाको समग्र विकास गुरुयोजना तयार गरी वस्तुगत यथार्थ र धरातलमा उभिएर समस्याहरुको समाधान गर्न तथा चुनौतीहरुको सामाना गर्न हामी सवै प्रतिवद्ध, कटिवद्ध, एकतावद्ध वनौं । ***"कृषि, पर्यटन, पूर्वाधार र रोजगार : सुन्दर फलेवास संवृद्धीको आधार"*** को लागि लगनशिल तथा समर्पित भै वजेट तथा कार्यक्रमको कार्यान्वयनमा होस्टेमा हैसे गरौं ।

**जय फलेवास, धन्यवाद**